प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल ।

प.सं. :- ०८१/८२
च.नं. :- १४१५

मिति :- वि.सं. २०८१/१०/०६

**ने.स.** :- ११४५ पोहेलागा ५ आइतवार

विषयः आवश्यक समन्वय तथा सहजिकरण सम्बन्धमा ।

श्री कृषि विकास निर्देशनालय, मोरङ

प्रस्तुत विषयमा यस मन्त्रालयको चालु आर्थिक बर्षको स्वीकृत कार्यक्रममा बैंक/वित्तिय संस्था/ सहकारी संस्थाहरु मार्फत प्रवाह भएको कर्जामा ब्याज अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको र उक्त कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकार मन्त्रिपरिषदबाट मिति २०८१।०९।१८ गते **"प्रदेश कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापन कार्यविधि, २०८१"** स्वीकृत भई ब्याज अनुदान कार्यक्रममा ईच्छुक बैंक/वित्तिय संस्था/ सहकारी संस्थालाई आ-आफ्नो प्रादेशिक कार्यालय मार्फत प्रस्ताव पेश गर्न मिति २०८१।१०।०४ गते शुक्रबार गोरखापत्र दैनिकमा सूचना समेत प्रकाशन गरिएकोले उक्त सूचना ताँहा निर्देशनालय र मातहत कार्यलयमा जानकारीको लागि पठाईएको छ र यस सम्बन्धमा आवश्यक समन्वय तथा सहजिकरण गरिदिनु हुन समेत अनुरोध छ ।

**"प्रदेश कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापन कार्यविधि, २०८१"** र प्रस्ताव पेश गर्न आवश्यक कागजातहरु मन्त्रालयको वेभ साईट http://moiac.koshi.gov.np/बाट डाउनलोड गर्न सकिने ब्यहोरा समेत अनुरोध छ ।

(पशुपति पोखरेल)
वरिष्ठ कृषि विकास अधिकृत

फोन नं.: ०२१-४७५१४२ इमेलः molmacbiratnagar@gmail.com वेबसाइटः moiac.koshi.gov.np